# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, असोज ३ गते २०४३ साल (अतिरिक्ताङ्क २४

## भाग २

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४३ सालको ऐन नं. ३

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

253

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः आर्थिक वर्ष २०४३।४४ को निमित्त श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न श्री ५ को सरकारले राष्ट्र ऋण उठाउन सक्ने अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "राष्ट्र ऋण उठाउने ऐन, २०४३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्र ऋण उठाउने अधिकारः (१) आर्थिक वर्ष २०४३।४४ को निमित श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न श्री ५ को सरकारले हालसम्म तिर्न बाँकी ऋण रकममा श्री ५ को सरकारको जमानतमा लिएको ऋण रकम तिर्नको निमित्त समेत थप एक अरब साठी करोड रूपैयाँमा नबढ्ने गरी त्यतिसम्म रकमको राष्ट्र ऋण उठाउन सक्नेछ ।

(२) उपदफा (१) अन्तर्गत उठाइएको राष्ट्र ऋणको साँवा र व्याज भुक्तानी गर्ने अवधि र सो ऋणको व्याजको दर राष्ट्र ऋण ऐन, २०१७ बमोजिम हुनेछ ।

लालमोहर सदर मितिः– २०४३।६।३।६

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

२५८



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।